वकालत मञ्च-नेपाल
ADVOCACY FORUM- NEPAL
*Lawyers forum for human rights and rule of law*

**प्रेस वक्तव्य**
**२६ जुन २०१७**
**यातना विरुद्धको अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा**

काठमाडौं: नेपाली सेनाका कर्णेल कुमार लामा र मैना सुनुवार जस्ता मुद्दामा काम गरेको एड्भोकेसी फोरमका लागि यातनाको रोकथाम र यसलाई फौजदारी अपराध बनाउने कार्य एड्भोकेसी फोरम (एएफ) को प्राथमिक एजेन्डा रहेको छ ।

विगत १६ वर्षदेखि एएफले नेपालमा रहेका विभिन्न थुनाकेन्द्रहरूको भ्रमण गरेर थुनुवाहरूलाई कानूनी सहायता उपलब्ध गराइरहेको छ । नेपालको संविधानले थुनुवाको कानूनी परामर्शमा पहुँचको प्रत्याभूति गरेको छ । तर कानूनी तथा नीतिगत संरचनाको अभावमा (धनीमानी वा प्रभावशाली राजनीतिक पृष्ठभूमि भएका व्यक्ति) बाहेक अन्य सर्वसाधारण थुनुवाले कानून व्यवसायीसम्म पहुँच पाउन सकेका छैनन् ।

कानून व्यवसायीसम्म पहुँच, दोषी साबित नहुन्जेलसम्म निर्दोषिताको अनुमान, आफू विरुद्धको साक्षी हुन कर नलाग्ने, अधिकार लगायतका संवैधानिक सुरक्षाउपायहरू अपराधका आरोपितहरूलाई स्वच्छ सुनुवाइ सुनिश्चित गर्नका लागि महत्त्वपूर्ण आधारहरु हुन् । कैयौं वर्षदेखि हामीहरूले यस्ता सुरक्षाउपायले स्वच्छ सुनुवाइमा मात्र नभई थुनास्थलमा हुने यातना तथा दुर्व्यवहार हटाउन समेत योगदान पुर्‍याउने कुराको अभिलेखीकरण गरेका छौं ।

तर यस वर्ष एएफले विभिन्न स्थानमा पुर्पक्षका सिलशिलामा थुनामा रहेका बन्दिलाई हाम्रा वकिलको पहुँचमाथि नियन्त्रण गरिएको पायो जसका कारण थुनुवाहरूलाई कानूनी सहायता उपलब्ध गराउने कार्यमा अवरोध पुग्यो । एएफको पर्यवेक्षणका कारण प्रहरी अधिकारीहरू पीडक परीक्षणमा (vetting) परेको र यसै कारणले गर्दा उनीहरू संयुक्त राष्ट्रसंघीय शान्ति मिसनमा छनोट हुन तथा अन्य अन्तर्राष्ट्रिय अवसरबाट वञ्चित भएको आरोप लगाइएको छ ।

नेपाल २०४८ सालमा यातना विरद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको पक्षराष्ट्र भएको थियो । तर २६ वर्ष बितिसक्दा पनि नेपालमा यातना पूर्ण दण्डहीनताका साथ अभ्यास भइरहेको छ । यातनालाई फौजदारी अपराध बनाउनका लागि राष्ट्रिय कानूनको अभावमा अन्तर्राष्ट्रिय प्रतिबद्धता र संवैधानिक प्रत्याभूति दुवै फितला साबित भएका छन ।

आफ्नो १७ वर्षे लामो यात्रामा एएफले यातनालाई फौजदारी अपराध बनाउने तथा यातना रोकथाम गर्ने र पीडितलाई उपचार दिलाउने आधार बनाउने  कानूनी संरचनाको पैरवी गर्दै आएको छ । विद्यमान यातना क्षतिपूर्ति ऐन यातनाप्रति जवाफदेहिता तथा पीडितलाई उपचार सुनिश्चित गर्नका लागि आवश्यक अन्तर्राष्ट्रिय मापदण्डभन्दा निकै कमजोर रहेको छ । नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै मञ्चहरुमा यस्तो कानूनी संरचना ल्याउने प्रतिबद्धता व्यक्त गरेको छ । यो प्रतिबद्धता कार्यान्वयन गर्न धेरै ढिलो भइसकेको छ ।

Head Office: Lamintang Marga -4, Baluwatar, Kathmandu, P.O. Box: 21798 Tel: 977-1-4425561/4432309 Fax: 4432309
email:info@advocacyforum.org.np, advocacyforumnepal@gmail.com, URL: http://advocacyforum.org/contact-us/index.php
Regional & Branch Offices
Biratnagar Tel: 977-21-530666 email: advbiratnagar@yahoo.com
Pokhara Tel : 977-61-5524342 email:advpokhara@yahoo.com
Udayapur Tel: 977-35-420451 email: advudayapur@yahoo.com
Surkhet Tel: 977-83-521122 email: advsurkhet@yahoo.com
Rupandehi Tel :071-522402
Nepalgunj Tel: 977-81-526278 email: advnepalgunj@yahoo.com
Kanchanpur Tel: 977-99-525399 email:advkanchanpur@yahoo.com
Kapilbastu Tel: 977-76-560235 email: advkapilbastu@yahoo.com
Dhanusha Tel: 977-41-522365, advdhanusha@yahoo.com
Baglung Tel: 068-520562
Bardia Tel: 084-420691

यातना दिनेहरूमाथि जवाफदेहिताको अभावमा एएफले यातना दिनमा संलग्न रहेको आरोप लागेका अधिकारीहरूको पीडक परीक्षण (vetting) का लागि पैरवी गर्दै आएको छ । संयुक्त राष्ट्रसंघले शान्तिबहाली मिसनमा जाने सुरक्षा अधिकारीहरूलाई उनीहरूको मानवअधिकार उल्लंघनको आरोपको परीक्षण गर्ने नीति लिएको छ । अझ, अमेरिकाको लेही कानून (Leahy law) ले दण्डहीनताका साथ यातना लगायत मानवअधिकारको गम्भीर उल्लंघनमा संलग्न कुनै पनि देशका सुरक्षाफौजका इकाइका सदस्यलाई सहायता गर्न वा तालिम दिनका लागि अमेरिकी सरकारलाई रोक लगाएको छ । प्रहरी अधिकारीहरुले थुनामा रहेका बन्दिहरु प्रति गर्ने व्यवहारलाई सुधार्न तथा नेपालका थुनाहरूमा यातनाको अभ्यास घटाउनका लागि यी केही उपायले उल्लेख्य रूपमा योगदान गरेको एएफको विश्वास छ । एएफले पीडक परीक्षणको पैरवी गर्न थालेदेखि अनि संयुक्त राष्ट्रसंघ तथा अमेरिकी राजदूतावासले आफ्ना नीति लागू गर्न थालेदेखि यातनामा क्रमशः ह्रास आउँदै गएको एएफले अभिलेखीकरण गरेको छ ।

यातना रोकथाम समग्र रूपमा अन्तर्राष्ट्रिय समुदायको प्राथमिकता रहेकाले एएफ सबै सम्बन्धित दूतावासहरूलाई नेपालमा हुने यातना रोकथाममा योगदानका लागि पीडक परीक्षणमाथि विचार गर्न आह्वान गर्छ । यसले यातना रोकथाममा योगदान गर्ने मात्र नभई यातनाविरुद्धको महासन्धिले आवश्यक ठहऱ्याए बमोजिम उनीहरूको भूमिमा आरोपित पीडक भेटिएमा कानूनी प्रक्रियामा जानुपर्ने जोखिमको न्यूनीकरणमा पनि योगदान गर्छ ।

यातना रोकथामका लागि राष्ट्रिय स्तरमा फौजदारी न्याय प्रणालीका सबै सरोकारवालाहरूको प्रयास आवश्यक हुन्छ । सरोकारवालाहरूका बीच समन्वयका लागि विगत १६ वर्षदेखि एएफले सरोकारवालाहरूको बैठक आयोजना गरी आफूले दैनिक रूपमा थुनाकेन्द्रको भ्रमण गर्दा प्राप्त अनुभव र आफ्नो अभिलेखीकरण प्रस्तुत गर्ने गरेको छ । यस्ता सरोकारवालाहरुको नियमित बैठक मार्फत हामीले फौजदारी न्याय प्रणालीका सरोकारवालाहरूलाई थुनुवाका अधिकार उल्लंघन भइरहेको कुरालाई अवगत गराउने गरेका छौं । थुनुवाहरूको स्वास्थ्य परीक्षण नगराइकन म्याद थप नगराउने अदालतको अडानका कारण स्वास्थ्य परीक्षणमा उल्लेख्य प्रगति भइरहेकोमा हामी खुशी छौं ।

विगत केही वर्षयता एएफले थुनुवाहरूको मौन रहने अधिकार वा आफैंलाई कसूरदार बनाउने प्रमाण पेश गर्न बाध्य बनाउनबाट रोक्ने अधिकार कसरी कार्यान्वयन भएको छ भन्ने अध्ययन गरेको छ । सूचना वा साबिती लिनका लागि यातनाको प्रयोग गरिने गरेको वर्षौंदेखि एएफले पाएको छ । अदालती प्रक्रियामा जबर्जस्ती साबितीको प्रयोगको गहिरो विश्लेषण गर्दा एएफले के पायो भने अभियोजनका लागि साबितीलाई प्राथमिकता दिँदा यातनाको विद्यमान अभ्यासमा ठूलो असर पर्ने गरेको छ । त्यसैले प्रमाणमा जबर्जस्ती साबितीलाई नराख्दा विधिको शासनलाई सम्मान गर्न महत्त्वपूर्ण योगदान पुग्छ । एएफको यस वर्षको प्रतिवेदन यही विषयमा केन्द्रित रहनेछ । सरकारी वकिल तथा न्यायाधीश जस्ता फौजदारी न्यायका अन्य कर्ताहरूलाई यस्तो प्रमाण स्वीकार नगर्नका लागि एएफ आह्वान गर्दछ जसको परिणामस्वरूप प्रहरीलाई साबितीमा आधारित अनुसन्धानभन्दा पनि प्रमाणमा आधारित अनुसन्धानतर्फ अघि बढ्न प्रेरित गराउँछ ।

यातना पीडितको सहयोगका लागि अन्तर्राष्ट्रिय दिवसको अवसरमा एएफ सबै यातनापीडितको पक्षमा उभिने आफ्नो प्रतिबद्धतालाई दोहोऱ्याउन चाहन्छ र उनीहरूको न्यायप्राप्तिमा सहयोग तथा नेपालमा यातना रोकथामको पैरवी निरन्तर जारी राख्छ ।

Head Office: Lamintang Marga -4, Baluwatar, Kathmandu, P.O. Box: 21798 Tel: 977-1-4425561/4432309 Fax: 4432309
email:info@advocacyforum.org.np, advocacyforumnepal@gmail.com, URL: http://advocacyforum.org/contact-us/index.php
Regional & Branch Offices
Biratnagar Tel: 977-21-530666 email: advbiratnagar@yahoo.com
Pokhara Tel : 977-61-5524342 email:advpokhara@yahoo.com
Udayapur Tel: 977-35-420451 email: advudayapur@yahoo.com
Surkhet Tel: 977-83-521122 email: advsurkhet@yahoo.com
Rupandehi Tel :071-522402
Nepalgunj Tel: 977-81-526278 email: advnepalgunj@yahoo.com
Kanchanpur Tel: 977-99-525399 email:advkanchanpur@yahoo.com
Kapilbastu Tel: 977-76-560235 email: advkapilbastu@yahoo.com
Dhanusha Tel: 977-41-522365, advdhanusha@yahoo.com
Baglung Tel: 068-520562
Bardia Tel: 084-420691

हामी नेपाली अधिकारीहरूलाई देहायबमोजिम गर्न आग्रह गर्छौं :

- एएफ तथा अन्य संस्थाहरूलाई थुनुवाहरूसमक्ष कानूनव्यवसायीको तत्काल पहुँच सुनिश्चित गर्न,
- यातनालाई फौजदारी अपराध बनाउनका लागि तत्काल कानून निर्माण गर्न,
- प्रहरीलाई यातना नदिइकन अनुसन्धान प्रविधिका लागि स्रोतसाधन र तालिम दिन,
- प्रमाणका रूपमा पेश गरिएका साबितीको पर्यवेक्षण तथा परीक्षणका लागि अभियोजनकर्ता र न्यायाधीशहरूलाई स्रोतसाधन र तालिम उपलब्ध गराउने यातना विरुद्धको महासन्धिको ऐच्छिक आलेखको पक्षराष्ट्र बन्ने तथा राष्ट्रिय रोकथाम संयन्त्र बनाउने ।

एएफले अन्तर्राष्ट्रिय समुदायका लागि पनि देहायबमोजिम सिफारिश गरेको छ :

- थुनुवाले कानून व्यवसायीसम्म पहुँच पाउने संवैधानिक अधिकारको सम्मान गराउनका लागि नेपाललाई दबाब दिने,
- राष्ट्रिय मानवअधिकार आयोग तथा अन्य संगठनहरूद्वारा थुनाकेन्द्रको स्वतन्त्र पर्यवेक्षण प्रणालीको पैरवी गर्ने,
- यातनाविरुद्धको महासन्धिको पक्षराष्ट्र बनेका मुलुकका दूतावासले विश्वव्यापी क्षेत्राधिकारका सम्भाव्य मुद्दाहरू रोकथामका लागि प्रवेशाज्ञा परीक्षण गर्ने ।

Head Office: Lamintang Marga -4, Baluwatar, Kathmandu, P.O. Box: 21798 Tel: 977-1-4425561/4432309 Fax: 4432309
email:info@advocacyforum.org.np, advocacyforumnepal@gmail.com, URL: http://advocacyforum.org/contact-us/index.php
Regional & Branch Offices
Biratnagar Tel: 977-21-530666 email: advbiratnagar@yahoo.com
Pokhara Tel : 977-61-5524342 email:advpokhara@yahoo.com
Udayapur Tel: 977-35-420451 email: advudayapur@yahoo.com
Surkhet Tel: 977-83-521122 email: advsurkhet@yahoo.com
Rupandehi Tel :071-522402
Nepalgunj Tel: 977-81-526278 email: advnepalgunj@yahoo.com
Kanchanpur Tel: 977-99-525399 email:advkanchanpur@yahoo.com
Kapilbastu Tel: 977-76-560235 email: advkapilbastu@yahoo.com
Dhanusha Tel: 977-41-522365, advdhanusha@yahoo.com
Baglung Tel: 068-520562
Bardia Tel: 084-420691